नेपाल सरकार

गृह मन्त्रालय

# बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा



**दर्जा:-** प्रहरी नायव उपरीक्षक

**नामथर:-** सन्तुलाल प्रसाद जैसवार

**कार्यरत:-** जिल्ला प्रहरी कार्यालय, रामेछाप

**कम्प्युटर कोड नं.:-** ३०६२३

**संकेत नं.:-** C-००००१२२१

## BEST PROVINCE POLICE OF THE MONTH

जिल्ला प्रहरी कार्यालय रामेछापका (कम्प्युटर कोड नं.३०६२३, संकेत नं.C-००००१२२१) कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक सन्तुलाल प्रसाद जैसवारले सांगठनिक नीति निर्देशन बमोजिम प्रदान गरिएको पेशागत जिम्मेवारी तथा पदीय दायित्वलाई पूर्ण व्यवसायिकताका साथ सम्पादन गर्दै जघन्य प्रकृतिका कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, शरिर बन्धक बनाई नगद तथा सुनचाँदी लुटपाट समेतका घटित आपराधिक घटनाहरुमा संलग्न अभियुक्तहरुलाई नियन्त्रणमा लिई सफल अनुसन्धान गरी कानुनी दायरामा ल्याउन सफल, २०८२ साल भदौ २४ गते इ.प्र.का.पकली, सुनसरीको हिरासतबाट फरार रहेका जवरजस्ती करणी मुद्दाका प्रतिवादीलाई पक्राउ गरी पुर्पक्षको लागि कारागार चलान गर्न सफल, रामेछाप जिल्लाका ४ जना र दोलखा जिल्लाका २ जना गरी ६ जना बृद्धाहरुलाई नशालु पदार्थ सेवन गराई वेहोस बनाई सुनको सक्कली गहना चोरी गरी नक्कली सुन लगाई दिई फरार रहेका मानिसहरु तथा चोरीको गहना खरिद गर्ने सुनचाँदी व्यवसायीलाई समेत पक्राउ गरी अनुसन्धान कार्य भई रहेको, फैसला कार्यान्वयन तर्फ बिभिन्न मुद्दाका फरार प्रतिवादी १० जनालाई पक्राउ गरी कैद तथा जरिवाना असुल गर्ने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गर्नुका साथै अपराध रोकथाम तथा नियन्त्रणका लागि (आत्माहत्या रोकथाम तथा नियन्त्रण, जवरजस्ती करणी, घरेलु हिंसा, चोरी, महिला हिंसा, मानव वेचविखान, लागू औषध दुर्व्यसनी न्युनिकरण, लैङ्गिक हिंसा, बैंङकिङ कसूर, साईवर अपराध सम्बन्धी) सचेतनामूलक कार्यक्रमहरु बृहत रुपमा संचालन गरी समग्र जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई सवल बनाउन उत्कृष्ट कार्यसम्पादन गरेको हुँदा तपाईले पुर्‍याउनु भएको उल्लेखनीय कार्यको कदर गर्दै तपाईलाई "महिनाको उत्कृष्ट प्रहरी छनौट कार्यविधि, २०७९" अनुसार **२०८३ साल भदौ** महिनाको **"सर्वोत्कृष्ट प्रदेश प्रहरी (BEST PROVINCE POLICE OF THE MONTH)"** घोषणा गरिएको छ।

सर्वोत्कृष्ट प्रदेश प्रहरी हुनु भएकोमा हार्दिक बधाई छ।

**कार्यालय प्रमुख**

**दिपक रेग्मी**

**( प्रहरी नायव महानिरीक्षक )**

**बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा।**

**मिति:-२०८३ असोज ०२ गते।**